पत्र संख्या : २०७६/७७– ९१
चलानी नं. : ६३८

## लगानीकर्तालाई T+2 भित्रै निर्देशन पुर्जी बुझाउने सम्बन्धमा

CDS and Clearing Ltd.

## अत्यन्त जरुरी सुचना !!!

यस लि. ले हरेक दिन कारोबार भएका धितोपत्रको राफसाफ तथा फछ्र्यौट सम्बन्धी कार्य कारोबार पछिको तेस्रो कार्य दिन अर्थात् T+3 को अपरान्ह १२ बजे बाट राफसाफ तथा फछ्र्यौट प्रक्रिया सुरु गर्ने भएकाले धितोपत्रको कारोबारको राफसाफ तथा फछ्र्यौटका लागि लगानीकर्ताले बिक्री गरेको धितोपत्र सम्बन्धित राफसाफ सदस्यको राफसाफ खातामा हस्तान्तरण गर्नका लागि आफ्नो हितग्राही खाता रहेको निक्षेप सदस्यलाई जारी गरिने निर्देशन पुर्जी कारोबार पछिको दोस्रो कार्य दिन अर्थात् T+2 भित्र अनिवार्य रूपमा सम्बन्धित निक्षेप सदस्यको कार्यालयमा बुझाउनका लागि अनुरोध गरिन्छ। सो कार्यका लागि लगानीकर्ताको सहजतालाई ध्यानमा राखि यस लि. ले मेरो शेयर मार्फत प्रदान गरेको e-DIS सेवा प्रयोग गरि समयमा नै आफ्नो राफसाफ सम्बन्धी दायित्व सम्पन्न गर्नुहुन अनुरोध गरिन्छ। साथै भौतिक निर्देशन पुर्जी जारी गर्ने लगानीकर्ताले कारोबार सम्पनन्न भएको T+1 भित्रै सम्बन्धित बिक्रीकर्ता राफसाफ सदस्यलाई आफूले बिक्री गरेको धितोपत्रको लागतको भारित औसत (WACC) उपलब्ध गराउनुहुन अनुरोध छ।

पुनश्चः तोकिएको समय भित्रमा निर्देशन पुर्जी नबुझाएका कारणले कुनै कारोबार क्लोजआउट पर्न गएमा वा लागतको भारित औसत(WACC) नबुझाएको कारणले धितोपत्रको चुक्ता मूल्यको आधारमा पुँजीगत लाभकर गणना हुन गएमा  सो को जिम्मेवार बिक्रीकर्ता स्वयं हुने व्यहोरा स्मरण गराइन्छ।

मितिः- २०७६।११।२२